"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८१/८२ ( योजना तथा अनुगमन शाखा )

च.नं.: १४६८

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

मितिः २०८१।०८।०७

ने.सं.: ११४५ कछलागा ७ शुक्रवार

बिषय —आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सबै

टोखा नगरपालिका, काठमाडौं ।

टोखा नगरपालिकाको १५ औं नगरसभाबाट स्वीकृत भएका उपभोक्ता समिति/टोल विकास संस्था मार्फत संचालन गरिने आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि कार्यान्वयन हुने स्थल एकिन गरी आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने उपभोक्ताहरुको भेलाबाट रितपूर्बकको उपभोक्ता समिति/टोल बिकास संस्था गठन गरी वा सम्वन्धित आयोजना स्थलमा सक्रिय रही चालु आ.ब.को लागि नविकरण भएको टोल बिकास संस्थासंग आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु संलग्न राखी मिति २०८१ मंसिर मसान्त भित्र नगरपालिका कार्यालयमा पठाई दिनु हुन अनुरोध छ । साथै ठेक्का मार्फत कार्यान्वयन हुने आयोजनाको हकमा आयोजनास्थल र गरिने कार्यको विवरण एकिन गरी कार्यान्वयनका लागि यथाशिघ्र सिफारिस गर्नुहुन अनुरोध छ ।

...................................

( शेर बहादुर बि.सी.)

प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः-

श्रीमान प्रमुखज्यू,

श्रीमान उपप्रमुखज्यू,



CamScanner

**उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजना सम्झौता गर्दा पेश गर्नु पर्ने कागजातको विवरण**

| सि.नं. | कागजातको विवरण |
|---|---|
| १ | आयोजना स्वीकृत भई वजेटको श्रोत सुनिश्चित भएको हुनु पर्ने । (वार्षिक आयोजना कितावको सि.नं./ कार्यपालिका निर्णय/ / ससर्त/ प्रदेश पुर्वाधार/समपुरक) |
| २ | ७ देखि ११ सदस्यीय टोल विकास संस्था/उपभोक्ता समिति/ तथा ३ सदस्यीय अनुगमन समिति गठनको माईन्यूट सहित नगरपालिकाबाट उपलव्ध गराईएको योजना सम्झौता किताव ( उक्त किताबमा भर्नु पर्ने विवरणहरु सबै भरिएको हुनु पर्ने) |
| ३ | समिति /संस्थाको आयोजना सम्झौताको लागि माग निवेदन तथा सम्वन्धित वडाको आयोजना संचालन सम्झौता सम्वन्धि सिफारीस पत्र |
| ५ | आयोजनाको स्वीकृत लागत अनुमान |
| ६ | संस्थाको हकमा चालु आ.व.को नविकरण भएको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी |
| ७ | संस्था/ समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी र चालु आ.व.को सम्पतिकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी |
| ८ | आयोजना संचालन हुने स्थानको शुरु अवस्थाको फोटो, भेलाको उपस्थिति एवं आयोजना संचालनसंग सम्वन्धित गतिविधिको भिडियो क्लिप्स |
| ९ | समपुरककोषवाट संचालन हुने आयोजनाको हकमा नगरपालिकाको सन्चित कोषमा सम्वन्धित संस्था/ समितिले लागत व्यहोर्ने रकम जम्मा गरेको सक्कलै बैंक भौचर/ रकम जम्मा भएको प्रमाणित हुने कागजात |

**आयोजना सम्झौता पुर्व जानकारी राख्नु पर्ने मुख्य मुख्य बिषयः-**

१. उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजनाको अधिकतम् सीमा रु ५० लाख ( नगरपालिकाबाट विनियोजित रकम) तोकिएको

२. आर.सि.सि भवन,सडक कालोपत्रे, सिसिक्यामेरा, सडकबत्ती, मालसामान खरिद जस्ता आयोजनाहरु उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन नहुने

३. संस्था/समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक जना अनिवार्य महिला र समितिका सदस्य मध्ये ३३ प्रतिशत महिला सहभागिता, अनुगमन समितिमा न्यूनतम ३३% महिला सहभागिता हुनु पर्ने

४. नगरपालिकाद्वारा संचालन भई हाल सम्म चालु अवस्थामा रहेको कुनैपनी आयोजना तथा कार्यक्रममा प्रस्तावित आयोजना/ कार्यक्रम संचालन गर्ने संस्था/ समिति तथा संस्था/ समितिको कुनै सदस्यको संलग्नता नरहेको हुनु पर्ने

५. आयोजना/ कार्यक्रम संचालन गर्ने संस्था/ समिति तथा अनुगमन समितिको कुनै पदाधिकारीमा सरकारी कर्मचारी/जनप्रतिनिधि/कानुनले अयोग्य घोषणा गरेको व्यक्ति/ एकाघरको परिवारवाट एकजना भन्दावढी व्यक्तिको संलग्नता हुन नहुने

६. संस्था/समितिको सदस्य तथा अनुगमन समितिको सदस्यमा सम्वन्धित आयोजना क्षेत्र भन्दा वाहिरको वासिन्दाको संलग्नता हुन नहुने

७. संस्था/समिति, संस्था/समितिको सदस्य तथा अनुगमन समितिको सदस्यमा सरकारी वाँकी वक्यौता वा पेश्की फछ्र्यौट गर्न वाँकी रहेको व्यक्तिको संलग्नता हुन नहुने

८. उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजना सम्पन्न गरी भुक्तानीको लागि सम्वन्धित समिति/ संस्थाले सम्झौता अवधि भित्रै नगरपालिकामा भुक्तानीको निवेदन दर्ता गरी सक्नु पर्नेछ ।म्याद थप गरिने छैन ।

९. उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने गरी सम्झौता भएका आयोजनाहरु सम्वन्धित समिति/ संस्था स्वंयमले कार्यान्वयन गर्नु /गराउनु पर्नेछ । निर्माण व्यावसायी वा कुनै व्यक्तिलाई ठेक्का वा जिम्मामा दिन पाईने छैन ।

१०. आयोजनाको उदेश्य वमोजिम गर्नु पर्ने कार्यको बारेमा सम्वन्धित प्राविधिकलाई स्पष्ट पारी लागत अनुमान तयार गराउनु पर्नेछ ।

११. आयोजनाको कार्यान्वयन स्थलमा नगरपालिकाले तोकेको ढाँचामा सर्वसाधारणको जानकारीको लागि आयोजना सूचना पाटी सबैले देख्ने गरी राख्नु पर्नेछ ।

CamScanner